## मिति २०७७/०१/२६ गते सम्पन्न ४३ औं कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १ :**

नगरपालिका क्षेत्रभित्रको कवाडी सामान संकलन शुल्क संकलनको ठेक्का लिने संस्था G.N.G. Construction Pvt.Ltd. भरतपुर चितवनको मिति २०७६/११/२८ को निवेदन अनुसार यस प्रा.ली.ले बोलपत्र दाखिला गर्दा कर सहीतको कबोल अंक भनी रु.९,१६,१००।- मा बोलपत्र दाखिला गरेको र यस प्रा.ली.ले सम्झौता अनुसार दाखिला गर्नु पर्ने दुबै किस्ता रकम दाखिला गरी सकेको उक्त ठेक्का बमोजिम कर कार्यालयलाई तिर्नु पर्ने रकम बुझाई दिनु हुन भनी निवेदन परेकोमा उक्त प्रा.ली.ले बोलपत्र पेश गर्दा कर सहीतको रकम भनी दाखिला गरेको देखिएको र सोही अनुसार बोलपत्र स्वीकृत गरी सम्झौता भई कार्यान्वयन समेत भई सकेको, प्रा.ली.ले दुबै किस्ता रकम दाखिला गरी सकेको हुँदा दुबै पक्षका बीचमा सम्झौता हुँदा अन्यथा भएतापनि नियमानुसार हुने मू.अ.कर रकम रु.१,०५,३९२।- आन्तरिक राजस्व कार्यालय भरतपुरलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २ :**

नगरपालिकाको यस चालु आ.व.को नीति तथा कार्यक्रम अनुसार कालोपत्रे सडक निर्माणको काम नगरपालिकाबाटै ठेक्का प्रक्रियाद्धारा गर्ने व्यवस्था भए बमोजिम विभिन्न वडाका कालोपत्रे सडक निर्माणको काम बोलपत्रद्धारा ठेक्का बन्दोबस्तको प्रक्रियामा गई सकेकोछ । ठेक्का बन्दोबस्तद्धारा निर्माणको कार्य गराउँदा प्रतिस्पर्धा भई विभिन्न वडाको लागि बिनियोजन भएको तथा नगरपालिकाद्धारा तोकिएका योजनामा बिनियोजन भएको बजेट मध्ये बचत भएको बजेटबाट यस आ.व.मा कुनै पनि योजना सञ्चालन नगर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

नगर कार्यपालिकाको कार्यालयले तयार गरी विधेयक समितिमा छलफल समेत भई पेश भएका निम्नानुसारका दिग्दर्शन तथा कार्यविधिहरुलाई संशोधन सहीत पारीत गर्ने निर्णय गरियो ।

- खैरहनी नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि - २०७७
- घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७७
- व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७
- खैरहनी नगरपालिकाको साझेदारीमा दुग्धजन्य उद्योगको स्थापना कार्यविधि, २०७७

**निर्णय नं. ४ :**

विश्वव्यापीा महामारीको रुपमा फैलिएको COVID-19 (कोरोना भाइरस) का कारण नेपाल सरकारले पनि ११ चैत्र २०७६ देखि नेपालभर लकडाउन गरेकोछ । यस विषम परिस्थितिमा खैरहनी नगरपालिका भित्र बस्ने दैनिक ज्यालादारीमा जीवन निर्वाह गरिरहेका अति विपन्न र अशक्त परिवारहरुका लागि नगरपालिकाले मिति २०७६/१२/२० देखी ऐ २३ गतेसम्म पहिलो चरणमा राहत वितरण गरेको र सो राहत वितरण कार्यको लागि भएको खर्च रु.२८,५२,६५०।- र मिति २०७७/१/८ देखी ऐ १० गतेसम्म दोस्रो चरणमा राहत वितरण गरेको र सो राहत वितरण कार्यको लागि भएको खर्च रु.४३,७९,०६१।५० समेत गरी जम्मा खर्च भएको रकम रु.७२,३१,७११।५० अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विभिन्न स्वास्थ्य संस्थामा कार्यरत तपसिल बमोजिमका अस्थाई तथा करारमा कार्यरत कर्मचारीहरुको म्याद यही २०७७ बैशाख १ गते देखी लागु हुने गरी ३ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**तपसिल :**

| | | |
|---|---|---|
| २. | ईन्जिनियर | श्री सुमन श्रेष्ठ |
| ३. | सर्भेयर | श्री सन्दिप थापा मगर |
| ४. | कम्प्यूटर अपरेटर | श्री प्रेम बहादुर सिलवाल |
| ५. | असिस्टेन्ट सव ईन्जिनियर | श्री धिरेन्द्र चौधरी (अस्थायी) |
| ६. | कम्प्यूटर अपरेटर | श्री अनितापन्त ढकाल |
| ७. | कार्यालय सहायक | श्री लिला रावल |
| ८. | कार्यालय सहायक | श्री सिता सिवाकोटी |
| ९. | कार्यालय सहायक | श्री रञ्जना उप्रेती नेपाल |
| १०. | कार्यालय सहायक | श्री केशरी माया पाठक |
| ११. | कार्यालय सहायक | श्री कृष्ण प्रसाद पराजुली |

| | | |
|---|---|---|
| १२. | कार्यालय सहायक | श्री गिता राई |
| १३. | कार्यालय सहायक | श्री महेश प्रसाद ढकाल |
| १४. | कार्यालय सहयोगी | श्री टेक बहादुर भण्डारी (अस्थायी) |
| १५. | कार्यालय सहयोगी | श्री बाल गोविन्द महतो (अस्थायी) |
| १६. | कार्यालय सहयोगी | श्री निर्मला घिमिरे(अस्थायी) |
| १७. | कार्यालय सहयोगी | श्री लक्ष्मी अर्याल(अस्थायी) |
| १८. | कार्यालय सहयोगी | श्री तारा पाण्डे |
| १९. | कार्यालय सहयोगी | श्री विष्णु प्रसाद अर्याल |
| २०. | कार्यालय सहयोगी | श्री गिता कडेल |
| २१. | कार्यालय सहयोगी | श्री मोनिका चौधरी |
| २२. | कार्यालय सहयोगी | श्री सुमित्रा चौलागाई |
| २३. | कार्यालय सहयोगी | श्री गोमा चौलागाई डोटेल |
| २४. | कार्यालय सहयोगी | श्री सुस्मा चौधरी |
| २५. | कार्यालय सहयोगी | श्री सुकमाया तमाङ्ग |
| २६. | कार्यालय सहयोगी | श्री सर्मिला सिलवाल |
| २७. | कार्यालय सहयोगी | श्री अप्सरा पोखेल |
| २८. | हलुका सवारी चालक | श्री भिष्मा चौधरी |
| २९. | हेभी सवारी चालक | श्री प्रकाश बहादुर श्रेष्ठ |
| ३०. | सुरक्षा गार्ड | श्री कमल प्रसाद ढुङ्गेल |
| ३१. | नगर प्रहरी | श्री टिका नारायण श्रेष्ठ |
| ३२. | सरसफाई कार्यालय सहयोगी | श्री दरेश मल्ली |
| ३३. | कार्यालय सहयोगी | श्री सन्तोष अर्याल |
| ३४. | कार्यालय सहयोगी | श्री सुदिप चौधरी |

**स्वास्थ्य तर्फका कर्मचारीहरु**

| | | |
|---|---|---|
| ३५. | अहेब | श्री शर्मिला चौधरी |
| ३६. | अनमी | श्री लक्ष्मी शर्मा |
| ३७. | अनमी | श्री निर्मला महतो |
| ३८. | अनमी | श्री चन्द्रा कार्कि |
| ३९. | कार्यालय सहयोगी | श्री देवी वि.क. |
| ४०. | कार्यालय सहयोगी | श्री भगवती अर्याल |
| ४१ | कार्यालय सहयोगी | श्री अन्जली अर्याल |
| ४२. | कार्यालय सहयोगी | श्री कल्पना पाठक |
| **४३** | कार्यालय सहयोगी | श्री गिता सिंखडा |

**दमकल तर्फका कर्मचारीहरु**

| | | |
|---|---|---|
| ४४. | दमकल चालक | श्री नमराज रिजाल |
| ४५. | हेभी सवारी चालक | श्री खेमनारायण श्रेष्ठ |
| ४६. | हेभी सवारी चालक | श्री राजकुमार चौधरी |
| ४७. | हेभी सवारी चालक | श्रीराम चौधरी |

**निर्णय नं. ६ :**

खैरहनी नगरपालिकाले स्थापना गरेको स्थानीय विपद् व्यवस्थापन कोषमा नगरपालिकाका सम्पूर्ण पदाधिकारीहरुले निम्नानुसारको रकम जम्मा गर्ने निर्णय गरियो ।

- नगर प्रमुख – रु.१००००।-
- उपप्रमुख – रु.७०००।-
- वडा अध्यक्ष – रु.५०००।-
- कार्यपालिका सदस्य – रु.२०००।-

➢ वडा सदस्य – रु.५००।-

**निर्णय नं. ७ :**

आजै यसै बैठकबाट पारित भएको खैरहनी नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि - २०७७ को दफा १० को प्रतिबन्धात्मक वाक्याशं बमोजिम नगर कार्यपालिकाको कार्यालयको सुरक्षा गार्डमा कार्यरत नगर प्रहरी जवान श्री कमल प्रसाद ढुङ्गेललाई नगर प्रहरी हवल्दार पदमा नियुक्त गरी सोही कार्यविधिको दफा १६ बमोजिम नगर प्रहरी प्रमुखको जिम्मेवारी दिने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

नगरपालिकाले वडा नं. ५ मा रहेको गौचरनको जग्गा संरक्षणको लागि बुढी राप्ती खोलालाई फर्काएर खोलाको नक्सा अनुसारको भागमा लैजानको लागि गत आ.व.मा उपभोक्ता समिति मार्फत कार्य सम्पन्न गरिएको काम र वडा नं. ७ र ९ को सिमानामा पर्ने पम्पा खोलालाई फर्काएर खोलाको नक्सा अनुसारको भागमा लैजानको लागि उपभोक्ता समिति मार्फत कार्य सम्पन्न भई सकेको छ । खोला फर्काउने काममा उपभोक्ता लागत सहभागीता जुटाउन नसकिने भएकोले त्यस्ता काम नगरपालिकाबाटै गर्ने व्यवस्था आर्थिक ऐनमा व्यवस्था गरिएको भएतापनि नगरपालिकाबाट उक्त कार्य गराउन नसकिएकोले उपभोक्ताबाट कार्य सम्पन्न भई सकेकोछ । उपभोक्ता लागत सहभागीताका विषयमा विवाद निरुपण हुन नसकी हालसम्म भुक्तानी पनि हुन सकेको छैन । खोला खोल्ने काम सम्पन्न भई सकेको, उपभोक्ता लागत सहभागीता कै बिषयका कारणले गर्ला हाल सम्म पनि भुक्तानी हुन नसेकोले उक्त दुबै कार्यको लागि लाग्ने उपभोक्ता लागत सहभागीताको रकम दाखिला नगर्ने र सम्पन्न भएको कार्यको मूल्याङ्कनका आधारमा दुबै उपभोक्ता समितिलाई भुक्तानी दिने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।